**प्रस्ताव एवं निर्णयहरू :**

१) **गाउँपालिकाको भवन निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धमा ।**

सरावल गाउँपालिकाको भवन निर्माणका लागि सरावल गाउँपालिका वार्ड नं. ३ स्थित सरावल गाउँमा दुर्गा माई परासीको कि.नं. १०५ को पश्चिमतर्फ मटेलु कुर्मी, लालमोहर कुर्मी, शत्रुधन चौधरी, कुन्तिदेवी चौधरी, अर्जुन चौधरी, शन्तकुमार चौधरी, रामनारायण चौधरी, सुरेन्द्र त्रिपाठी, अम्बरिष चौधरी, धर्म कुमारी चौधरी, चतुर्भुज चौधरी, प्रकाश तेली, रामेश्वर चौधरी, ओम प्रकाश चौधरी, केदारनाथ चौधरी, चन्दा कुमारी चौधरी, अनिरुद्र चौधरी, रामलाल दुषाध, शिव प्रसाद चौधरी, प्रधान चौधरी, खेम नारायण चौधरी, कांग्रेसी चौधरी, प्रेम नारायण चौधरी, भीम बहादुर चौधरी, तेतरी चौधरी, मुन्तर देवी चौधरी समेतका व्यक्तिहरूले ज.वि. ०-१५-० (पन्ध्र कठ्ठा) जग्गा प्रदान गर्न भनि सहमतिसाथ लेखि आएकोमा उक्त जग्गा स्वीकार गरी गाउँपालिकाका नाममा नि:शुल्क रजिष्ट्रेशन पासका लागि मालपोत कार्यालय परासीका नाममा अनुरोध गर्ने निर्णय गरियो ।

२) **ह्युम पाइप खरिद सम्बन्धमा ।**

सरावल गाउँपालिकाको वार्ड नं. ५,६,७ बाढी तथा डुवानको उच्च जोखिममा रहेकोमा आकास्मिक रुपमा पानीको निकाश तथा सडक मर्मत सम्भार समेत गर्नुपर्ने हुँदा आकस्मिक प्रयोग र प्रयोजनका लागि क्रमश: ९०, ६०, ४५ र ३० मि.एम. को ६-६ थान गरि जम्मा २४ थान ह्युम पाइप विपत व्यवस्थापन कोष खर्च शीर्षकबाट खरिद गर्ने निर्णय गरियो ।

३) **उपभोक्ता समितिको गठन तथा सम्झौता सम्बन्धमा ।**

गाउँ सभाबाट स्वीकृत आयोजना तथा कार्यक्रमहरूको सञ्चालनका लागि कार्तिक मसान्तसम्म उपभोक्ता समितिको गठन गर्ने तथा उपभोक्ता समितिका पदाधिकारी (अध्यक्ष सचिव कोषाध्यक्ष) हरूलाई योजना सञ्चालन सम्बन्धि अभिमुखिकरण तालिम सञ्चालन गरि मंसिर महिनाभित्र सम्झौता गर्ने र योजना सञ्चालन गर्ने निर्णय गरियो ।

४) **ठेक्का बन्दोबस्तद्वारा योजना सञ्चालन सम्बन्धमा ।**

गाउँ सभाबाट स्वीकृत आयोजना तथा कार्यक्रमहरूमध्ये गाउँपालिकाको भवन निर्माण, वडा तथा कार्यालयको तल्ला थप, विपत व्यवस्थापनका लागि वार्ड नं. ७ को सुरक्षित भवन निर्माण तथा सडक कालोपत्रे जस्ता मेशिन औजार, यन्त्र र उपकरण प्रयोग हुने भौतिक तथा प्रविधिक रुपले जटिल र उपभोक्ता समिति आफैंले सञ्चालन र सम्पन्न गर्न नसक्ने आयोजनाहरू प्रचलित कानुन अनुसार दरभाउपत्र तथा बोलपत्रको माध्यमद्वारा सञ्चालन गर्ने निर्णय गरियो ।

५) **सवारी साधन चार पाङ्ग्रे खरिद सम्बन्धमा ।**

सवारी साधन चार पाङ्ग्रे खरिद गर्ने भनि गाउँ सभाबाट निर्णय भए बमोजिम बोलपत्र आह्वान हुँदा पेश हुन आएका बोलपत्रहरूमध्ये श्री सौरभ इण्टरप्राइजेज भैरहवाको

**अनुगमन समिति गठन सम्बन्धमा ।**

गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूको अनुगमनका लागि तपशिल बमोजिमका सदस्यहरू रहने गरि गाउँपालिका स्तरिय अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) अध्यक्ष | संयोजक |
| ख) उपाध्यक्ष | सदस्य |
| ग) कार्यकारी अधिकृत | सदस्य |
| घ) लेखा शाखा प्रमुख | सदस्य |
| ङ) योजना शाखा | सदस्य |
| च) सम्बन्धित वार्डको वडाध्यक्ष | सदस्य |
| छ) सम्बन्धि वार्डको कार्यपालिका सदस्य | सदस्य |
| ज) प्रशासन शाखा प्रमुख | सदस्य सचिव |